नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(आर्थिक प्रशासन शाखा)

फो.नं.४२००४६०
सिंहदरवार काठमाडौ

प.सं. :-२०७७/७८
च.नं. :- ४६

मिति २०७७।५।१२

श्री स्थानीय पूर्बाधार विभाग ,ललितपुर ।
श्री राष्ट्रिय किताबखाना ( निजामती ), ललितपुर ।
श्री आदिबासी जनजाती उत्थान प्रतिष्ठान, ललितपुर ।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम , काठमाडौ ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिषठान, ललितपुर ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिषठान, ललितपुर ।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति , काठमाडौं ।
श्री जिल्ला समन्वय समिति ( सबै ) ।
श्री स्थानीय तहहरु ( सबै )।

विषय : ठेक्का विवरण प्रविष्टी सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं. ७५६ मिति २०७७।५।३ को पत्रबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली ( E-GP System ) मार्फत गरिने खरिद कार्यको सम्पूर्ण चरणका विवरणहरु उक्त प्रणालीमा प्रविष्टी गर्ने व्यवस्थाका लागि लेखी आएकोले उक्त पत्रको प्रतिलिपी जानकारी एबं सो बमोजिम आबश्यक कार्यार्थ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..........................
( सरोज सुवेदी )
लेखा अधिकृत

बोधार्थ :
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय , सिंहदरबार , काठमाडौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सूचना प्रविधी शाखा — पत्र वेवसाइटमा अपलोड गरी दिनुहुन ।

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

जरुरी

गोप्य

प्र.सं. - ०७७/७८

च.नं. ८२६

मिति: २०७७।५।३

विषय: ठेक्काका विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस मन्त्रालय तथा अन्तरगतका निकायहरुबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (e-GP System) का माध्यमबाट गरिने खरिदहरु सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली तथा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकाबमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ। खरिदका कार्यहरु उक्त विद्युतीय खरिद प्रणाली (e-GP System) को माध्यमबाट गर्दा अधिकांश बोलपत्रहरुको बोलपत्र खोल्ने (Bid Opening) चरणसम्मका तथ्यांक मात्र उपलब्ध भएको पाइएको छ। यसबाट आयोजनाहरुको हालको अवस्थाको समीक्षा अनुगमन गर्न कठिनाई भएकाले दुई करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएका सबै चालू ठेक्काहरुको सम्झौता (Contract Award) तथा सम्झौता व्यवस्थापन (Contract Management) को चरणका विवरणहरु एक महिनाभित्र अनिवार्यरुपमा उक्त प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था गर्न गराउन हुन स्मरण गराउँछु।

साथै मन्त्रालयहरुले आफ्नो छुट्टै Contract Award/Contract Management System सञ्चालन गरिरहेको भएमा विद्युतीय खरिद प्रणाली (e-GP System) मा आवद्ध गरी तथ्यांक उपलब्ध गराउन समेत अनुरोध गर्दछु। आगामी दिनमा गरिने ठेक्काका सम्झौता (Contract Award) तथा सम्झौता व्यवस्थापन (Contract Management) को चरणका विवरणहरु समेत सोही प्रणालीमा अनिवार्यरुपमा प्रविष्टि गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछु। कुनै प्राविधिक समस्या भएमा वा अन्य जानकारी चाहिएमा सार्वजनिक खरिद अनुगमन कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पर्क राख्न समेत अनुरोध गर्दछु।

(यादवप्रसाद कोइराला)

सचिव

श्री सचिव,

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार।

बोधार्थ तथा कार्यार्थ:

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय,
सिंहदरबार, काठमाडौं।

श्री सार्वजनिक खरिद अनुगमन कार्यालय,
ताहाचल, काठमाडौं।

सार्वजनिक निकायहरुले सार्वजनिक खरिदको सबै चरणका तथ्यांक प्रणालीमा सहजरुपमा प्रविष्टि गर्ने व्यवस्था मिलाउनुका साथै प्राविधिक सहयोग उपलब्ध गराउनु हुन समेत।

टेलिफोनः ४२११०४८, ४२११९२०, ४२००६३६
e-mail: itsection@opmcm.gov.np

पो.ब.नं. २३३१२, काठमाण्डौ, नेपाल
Web http://www.opmcm.gov.np